पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर)
गाईघाट (बोक्से), नेपाल

पत्र संख्या:- २०८२।२०८३
च.नं.-

## खयर काठ लिलाम बिक्री सम्बन्धी विस्तृत सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३।०२।१३

यस कार्यालयकोसेवा क्षेत्रबाट वन मुद्दामा वरामद भई यस कार्यालयमा आम्दानी जनिएका लट नं. २३ को खयर जातका गोलिया १२१७ को ११८९.४५ क्यू.फि. काठ जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्न सुचना प्रकाशित गर्ने भनी यस कार्यालयबाट मिति २०८३।०२।१२ मा निर्णय भएकोले प्रचलित कानून बमोजिम काठ, दाउरालाइ कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरी दर्ता भएका ईच्छुक उद्योगहरुले फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नं.(PAN) वा मुल्य अभिबृद्दि कर (VAT)दर्ताको प्रमाणपत्र र कर चुक्ताको प्रमाणपत्र, सूचीदर्ता/सूची अद्यावधिकको प्रमाणपत्र सहित संलग्न राखी यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र वन निर्देशनालय धरान, सुनसरी, वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाण्डौ र यस कार्यालयबाट बोलपत्र खरीद गरी २२ औं दिनको २ बजे भित्र बोलपत्र खरिद गरेको कार्यालयमा बोलपत्र तथा अन्य आवश्यक कागजातहरु शिलबन्दी गरी दाखिला गर्नहुन आह्वान गरिन्छ। विस्तृत जानकारीको लागि यस कार्यालयको सूचनापाटी तथा वेभसाईट www.dfogaighat.koshi.gov.np, प्रदेश वन निर्देशनालय धरानको वेभसाइट fd.koshi.gov.np मा गई हेर्न सकिनेछ साथै थप जानकारीको लागि यस कार्यालयको सुचना अधिकारीको मो.नं. ९८४५१०६२५९ मा समेत सम्पर्क राख्न सकिनेछ ।

**१.वन पैदावार सम्बन्धी विवरण**

**तपसिल**

| सि.नं. | लट/आ.व. | लिलाम हुने वन पैदावारको विवरण | | | | प्रति क्यू.फि. न्यूनतम मुल्य | कायम न्यूनतम मुल्य रु. | प्रति क्यू.फि. संकलन खर्च रु. | घाटगद्दी स्थान | काठको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जात | प्रकार | थान | परिमाण (क्यू.फि.) | | | | | | |
| १ | २३/०८२/०८३ | खयर | गोलिया | १२१७ | ११८९।४५ | १००० | ११८९४५० | ५७६०१७ | मैनामैनी | प्र. भिम प्रसाद घिमिरे समेत भएको मुद्दामा वरामद भएका | जिल्ला अदालतबाट लिलाम अनुमति प्राप्त |

२. बोलपत्र खरिद तथा दाखिला गर्नु पर्ने अन्तिम मिति र समयः

क) खरिद गर्ने अन्तिम मितिः२०८३।०३।०२ गते कार्यालय समयसम्म

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३।०३।०३ गते दिनको २ बजेसम्म

(अन्तिम दिन सार्वजनिक विदा भएमा सो को भोलिपल्ट )

३. बोलपत्र डिभिजन वन कार्यालय, उदयपुर गाईघाट, वन निर्देशनालय, धरान र वन तथा भू-संरक्षण विभाग, बबरमहल काठमाण्डौबाट खरिद र दाखिला गर्न सकिनेछ ।

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको रा.वा. बैंक, गाईघाटमा रहेको धरौटी खाता नं. २०९०१००२०२०३०००० मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

५. बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिनासम्मको लागि हुनुपर्नेछ ।

६. बोलपत्र फारम रु ३०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आर्थिक प्रशासन शाखा वा वन निर्देशनालय धरान, वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाण्डौबाट खरिद गर्न सकिनेछ ।

७. लिलाम हुने वन पैदावार कार्यालय खुलेको समयभित्र घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

८. वन (दोस्रो संशोधन)नियमावली, २०७९ को नियम १२८ तथा कोशी प्रदेश वन नियमावली, २०८० अनुसार लिलाममा भाग लिने उद्योगले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, र मूल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नं. दर्ताको प्रमाण पत्रको प्रतिलिपी, उद्योग दर्ताको प्रतिलिपी तथा सुचीकृत/सूची अद्यावधिक भएको प्रमाणपत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

Scanned with CamScanner

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर)

गाईघाट(बोक्से), नेपाल

पत्र संख्या:- २०८२।२०८३
च.नं.-

९. निर्धारित गरिएका न्यूनतम संख्याका र रीत पूर्वक पर्न आएका बोलपत्रहरु सार्वजनिक सूचना गरी डिभिजन कार्यालय, उदयपुर, गाईघाटमा साक्षीहरुको रोहबरमा खोलिनेछ ।

१०. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धिकर तथा कटान, मुछान खर्च समेत अलग्गै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

११. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१२. वन (दोस्रो संशोधन) नियमावली, २०७९ को नियम १२८(८) तथा कोशी प्रदेश वन नियमावली, २०८० को नियम १४८ बमोजिम सुचीकृत नभएका वा सूची अद्यावधिक नभएका उद्योगहरुले लिलाम प्रकृयामा भाग लिन पाउने छैनन ।

१३. अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

Scanned with CamScanner